परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily
राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : ६७ पष्ठ ४ २०८२ पुष १३ गते, आइतबार 28 December, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

vianet
अब सबै connected

## वर्दिवासको १४ मध्ये १२वडा वालविवाहमुक्त घोषणा




● टक नेपाल

वर्दिबास नगरपालिकामा रहेका १४ वटा वडा मध्ये १२ वटा वडा औपचारीक रुपमा वालविवाह मुक्त वडा घोषणा भएका छन् । पुर्व नगरप्रमुख विदुर कार्किको पालमा केहि वडाहरुमा घोषणा भएका थिए भने वर्तमान नगरप्रमुख प्रहलाद क्षेत्रीको पालमा वाकि वडा घोषणा हुदै यस आर्थिक वर्षमा नगर पालिका नै वालविवाह मुक्त घोषणा हुने गरी काम भईरहेको छ। सोहि क्रममा आज नगर पालिकाको वडा नम्बर १३ लाई शनिबार औपचारिक रूपमा 'बालविवाहमुक्त वडा' घोषणा गरिएको छ । यो घोषणा बालविवाहजस्तो सामाजिक कुरीतिविरुद्ध समुदायले लामो समयदेखि सञ्चालन गर्दै आएको सामूहिक अभियानको महत्वपूर्ण उपलब्धि मानिएको छ।

बालविवाह अन्त्यका लागि समुदायका शिक्षक, अभिभावक, महिला समूह, युवा स्वयंसेवी, स्थानीय बाल क्लब तथा समाजका अगुवाहरू निरन्तर रूपमा सक्रिय रहँदै आएका थिए। बर्दिवास नगर पालिकाका नगरप्रमुख प्रहलादकुमार क्षेत्रीको पहल र निरन्तर प्रयास, वडा अध्यक्ष लक्ष्मण सिंहको नेतृत्व तथा सेभ द चिल्ड्रेनको सहयोगमा सञ्चालित सामुदायिक विकास तथा पैरवी मञ्च बर्दिवासको सक्रियताले अन्ततः यो उपलब्धि हासिल भएको हो।

शनिबार आयोजित घोषणा कार्यक्रममा वडाभरि उत्साहको माहोल देखिएको थियो । स्थानीय विद्यालयका विद्यार्थी, अभिभावक, महिला अधिकारकर्मी, युवा प्रतिनिधि तथा समाजसेवीहरूको उल्लेख्य सहभागिता रहेको थियो। कार्यक्रममा प्रमुख अतिथि नगरप्रमुख प्रहलादकुमार क्षेत्रीले बालविवाहजस्तो हानिकारक प्रथाको अन्त्य सामाजिक रूपमा गर्न बहुआयामिक सहकार्य आवश्यक रहेको बताए।

उनले भने, "थाहा पाएनौँ भनेर हुँदैन । सरकारले बनाएका नियम सबैले पालना गर्नुपर्छ। यसको प्रभावकारी कार्यान्वयन अब हामी सबैको साझा जिम्मेवारी हो।" वडा अध्यक्ष लक्ष्मण सिंहले समुदायमा देखिएका चुनौती, अभिभावकहरूको सोच परिवर्तनका प्रयास र विद्यालय-समुदाय सहकार्यका अनुभव साझा गर्दै, "यो घोषणा अन्त्य होइन, सुरुआत हो," भने। उनले निरन्तर निगरानी, सचेतना र सामूहिक प्रतिबद्धताको आवश्यकता औंल्याए।

सेभ द चिल्ड्रेनको सहयोगमा सञ्चालन हुँदै आएको सामुदायिक विकास तथा पैरवी मञ्च बर्दिवासले अभिभावक बैठक, विद्यार्थी नेतृत्व विकास, बाल क्लबको सक्रियता, बाल अधिकारसम्बन्धी नीति संवाद तथा घर-घर अभिमुखीकरणजस्ता कार्यक्रममार्फत बालविवाह रोकथाममा उल्लेखनीय प्रभाव पारेको छ।

स्थानीय युवाहरूले आफूलाई 'परिवर्तन दूत' का रूपमा प्रस्तुत गर्दै बालविवाहका जोखिम र दुष्प्रभावबारे नियमित सचेतनामूलक अभियान सञ्चालन गरिरहेका छन्। यसले समुदायमा सोच परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका खेलेको अभिभावकहरूको भनाइ छ।

**आगामी कार्ययोजना**

बालविवाहमुक्त वडा घोषणा कागजमै सीमित नहोस् भन्ने उद्देश्यसहित वडा र नगरपालिकाले विशेष कार्ययोजना बनाउने जनाएका छन्। विद्यालय, स्वास्थ्य चौकी र प्रहरीसँगको समन्वयमा 'बालविवाह जोखिम पहिचान प्रणाली' सञ्चालन, अभिभावक सचेतना निरन्तरता, बाल क्लब सुदृढीकरण, समुदायस्तरमा नियमित संवाद तथा सामाजिक निगरानी समूहलाई सक्रिय बनाउने योजना रहेको छ।

बर्दिवास-१३ को बालविवाहमुक्त वडा घोषणा केवल औपचारिक कार्यक्रम मात्र नभई सामाजिक रूपान्तरणतर्फको एक महत्वपूर्ण मोडका रूपमा हेरिएको छ। समुदाय, स्थानीय सरकार, संस्था र युवाहरूको साझा प्रयासबाट सकारात्मक परिवर्तन सम्भव हुने प्रमाण यसले प्रस्तुत गरेको छ।

## चिसो मौसम र शीतलहरको प्रभावबारे मधेश प्रदेशस्तरीय भर्चुअल बैठक सम्पन्न




● टक नेपाल

स्वास्थ्य निर्देशनालयका निर्देशक सरोजचन्द्र न्यौपानेको अध्यक्षतामा शुक्रबार मधेश प्रदेशका जिल्ला स्वास्थ्य कार्यालयहरू तथा स्थानीय तहका स्वास्थ्य शाखाहरूसँग भर्चुअल बैठक सम्पन्न भएको छ। बैठकको उद्देश्य चिसो मौसम तथा शीतलहरका कारण जनस्वास्थ्यमा परेको प्रभावको मूल्याङ्कन गर्नु, हालको तयारी तथा पूर्वतयारीको समीक्षा गर्नु र आवश्यक सहयोगका क्षेत्रहरू पहिचान गर्नु रहेको थियो।

बैठकमा स्वास्थ्य आपतकालीन सञ्चालन केन्द्र (ज्भ्इत्रः), स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (ःयज्ए)बाट जनस्वास्थ्य प्रशासक श्री बन्दना भट्ट र मधेश प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका जनस्वास्थ्य प्रशासक श्री निलाराम्ब अधिकारीको उपस्थिति रहेको थियो। एज्भ्इत्रः समूहको सहजीकरणमा सम्पन्न उक्त बैठकमा प्रदेश, जिल्ला र स्थानीय तहबीचको समन्वयलाई थप प्रभावकारी बनाउने विषयमा छलफल गरियो।

जिल्ला तथा स्थानीय तहहरूले प्रस्तुतिकरणमार्फत आपतकालीन व्यवस्थापन समितिमार्फत समन्वय गर्दै तयारी अवस्थामा रहेको जानकारी गराएका छन्। साथै, सीमान्तकृत तथा जोखिममा रहेका समुदायलाई लक्षित गरी न्यानो कपडा वितरणजस्ता पहलहरू अघि बढाइएको पनि जनाइएको छ।

सहभागीहरूले जोखिममा रहेका जनसमूहलाई प्राथमिकतामा राख्नु, स्वास्थ्य संस्थाहरूको तयारी सुनिश्चित गर्नु, एम्बुलेन्स सेवा, अस्पताल सञ्जाल तथा औषधि र सामग्रीको बफर स्टक मजबुत बनाउनु आवश्यक रहेकोमा जोड दिएका छन्। महिला स्वास्थ्य स्वयंसेविका, आईईसी सामग्री तथा स्थानीय एफएम रेडियोमार्फत जनचेतना अभिवृद्धि गर्नुपर्ने विषय पनि छलफलमा प्रमुख रूपमा उठाइएको थियो।

बैठक निरन्तर समन्वय कायम राख्ने, जलन तथा सडक दुर्घटनासम्बन्धी तयारीबारे आगामी दिनमा थप छलफल गर्ने, साझेदार संस्थाहरूसँग स्रोत नक्साङ्कन गर्ने तथा थप सहयोग आवश्यक परेमा प्रदेश सरकारलाई औपचारिक रूपमा जानकारी गराउने प्रतिबद्धतासहित सम्पन्न भएको छ।






पर्सिनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

सम्पादकीय

## सरकारका भरोसायोग्य काम

नवयुवा (जेनजी) ले गरेको आन्दोलनको जगमा बनेको अन्तरिम सरकारले छोटै अवधिमा भरोसायोग्य काम सुरु गरेको छ । आगामी फागुन २१ गते प्रतिनिधि सभा निर्वाचन गराउने मुख्य कार्यभारसँगै मुलुकमा सुशासन र भ्रष्टाचार नियन्त्रण गर्न सरकारले प्रयास केन्द्रित गरेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले सुशासन र पारदर्शितालाई सरकारले कठोरतापूर्वक लागु गरेको बताउनुभएको छ। सुशासनका विषयमा आफू कटिबद्ध रहेको, सुशासन र पारदर्शिताको मामिलामा कहीँकतै सम्झौता नगरिने पनि उहाँले स्पष्ट पार्नुभएको छ । मन्त्रालयको जिम्मेवारी समालेको एक सय दिन पूरा भएको अवसरमा बुधबार पत्रकार सम्मेलन गरेर मन्त्री घिसिङले यो अवधिमा एक सय एक काम गरेको विवरण सार्वजनिक गर्नुभएको छ । उहाँले चुनाव सम्पन्न गर्नु सरकारको मुख्य कार्यभार भएकोमा जोड दिनुभएको छ। मन्त्री घिसिङले भन्नुभयो, “हामी जेनजी आन्दोलनबाट आएका छौँ । त्यसैले सुशासनका विषयलाई कुनै पनि बहानामा तलमाथि गर्न सक्दैनौँ ।” सरकार सुशासनका लागि कठोर रूपमा प्रस्तुत भएको छ। काम नगर्ने, ठगी खाने कर्मचारीलाई कारबाहीसमेत गरेको छ। मन्त्री घिसिङले तीन वटा मन्त्रालयको जिम्मेवारी समाल्नुभएको छ । उहाँले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत ३६ वटा, सहरी विकास मन्त्रालय अन्तर्गत ३४ वटा र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गतका ३१ वटा उपलब्धि सार्वजनिक गर्नुभएको छ । एक सय दिन सुरुवात मात्र भएकाले अझै धेरै काम र सुधार गर्न बाँकी रहेको उल्लेख गर्दै मन्त्री घिसिङले आगामी दिनमा आफ्नो ध्यान बाँकी काम र सुधारतर्फ केन्द्रित हुने प्रस्टाउनुभएको छ।

विगतमा नेपाल विद्युत् प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक घिसिङले मुलुकमा व्याप्त १८ घण्टासम्मको लोडसेडिङ हटाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो । अहोरात्र खटेर काम गर्नुभयो । त्यसका लागि उहाँले सबै क्षेत्रबाट स्याबासी पाउनुभयो । अहिले मन्त्री हुँदा पनि उहाँ अधिकांश समय ‘फिल्ड’ मै खटेर काम गरिरहनुभएको छ। उहाँले रुग्ण ठेक्का तोड्ने, बिजुली बक्यौता उठाउने, विपत् व्यवस्थापन, फोहोर व्यवस्थापन, आयोजनाको स्थलगत अनुगमन र विभिन्न आयोजनाका लागि ऋण सम्झौतालगायत काम गर्नुभएको छ । कसैको आलोचनाबाट नडराई, दबाबमा नझुकी र गलतसँग सम्झौता नगरी आफ्नो कर्तव्य पूरा गर्न उहाँ प्रतिबद्ध हुनुहुन्छ । जेनजी आन्दोलनको सुशासनसम्बन्धी मुख्य मागलाई उहाँले समालेका मन्त्रालयमा दृढताका साथ लागु गर्नुभएको छ । भाषणभन्दा काम र नतिजालाई प्राथमिकता दिनुभएको छ । मन्त्री घिसिङले एक सय दिनमा बन्चरेडाँडामा फोहोर विसर्जनका क्रममा स्थानीयबाट भएको अवरोध र देखिएको समस्याको सम्बोधन गर्नुभएको छ । मेलम्चीको खानेपानी वितरणमा स्थानीयबाट अवरोध हुँदा त्यसको समाधान गरिएको छ।

डिभिजन बन कार्यालयको अनुरोध

- रुख रोपौँ, वन जोगाऔँ ।
- पानी मुहान, सिमसार, तालतलैयाको संरक्षण गरौँ, जैविक विविधतालाई बचाइ राखौँ ।
- खाली जग्गाहरुमा वृक्षरोपण गरौँ, जलवायु परिवर्तको असर न्यनिकरणमा योगदान गरौँ ।
- खोला किनारमा रुख रोपौँ, नदीकटान बाढी रोकथाम गर्दै विपद व्यवस्थापनमा सहयोग गरौँ ।
- आफ्नो टोल, गाउँ, नगर तथा सार्वजनिक स्थल सफा राखौँ, प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षणमा योगदान पुऱ्याऔँ ।
- प्लाष्टिक झोलाको सट्टामा बैकल्पिक झोलाको प्रयोग गरौँ, प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षणमा योगदान पुऱ्याऔँ ।
- आफ्नो टोल घर गाउँ वन जंगलमा वृक्षरोपणका लागि आवश्यक विरुवा लिनका लागि नजिकैको डिभिजन वन कार्यालय र सव डिभिजन वन कार्यालयमा सम्पर्क गरौँ ।

डिभिजन बन कार्यालय
महोत्तरी, जलेश्वर
फोन : ०४४ ५२०६५४

# महिला साना किसान लक्ष्मीनियाँको ८ औं सधारण सभा सम्पन्न

• टक नेपाल




महिला साना किसान कृषि सहकारी लक्ष्मीनियाँको ८ औं सधारण सभा सफलतापुर्वक सम्पन्न भएको छ । शनिबार लक्ष्मीनियाँ बजारमा संस्थाले आय-व्यय प्रस्तुत गर्दै भव्यतापुर्वक आफ्नो सधारण सभा तथा दोस्रो अधिवेशन सम्पन्न गरेको हो । गएको वर्ष यही संस्था मधेश प्रदेशको उत्कृष्ट सहकारीको पुरुस्कार पाएका थिए।

एक हजार ६ सय ६९ सेयर सदस्य संख्या रहेको यस संस्थाले गत आर्थिक वर्षमा एक करोड ३६ लाख आठ हजार पुऱ्याएको संस्था प्रवन्धक सरोज कुमार यादवले जानकारी दिए । उनका अनुसार कुल बचत सात करोड १३ लाख ६२ हजार गरी संस्थाको कुल आन्तिरक स्रोत आठ करोड ९० लाख दुई हजार बनाएका छन् । साना किसान विकास लघुवित वित्तिय संस्थासंग ६ करोड १६ लाख ४७ हजार ऋण लिई सदस्यहरुमा विभिन्न कर्जा उद्देश्यमा १२ करोड ८७ लाख २७ हजार ऋण लगानी गरेका छन् ।

विगत आठ वर्षलेखि संस्थाले धनुषाको लक्ष्मीनियाँ गाउँपालिकाको महिला कृषकहरुलाई सशक्तिकरण गर्दै आएका छन् । संस्थाले सधारण सभामै पशु बिमा कार्यक्रम अन्तरगत ७०/७० हजार दुई जना किसानलाई बिमा रकम भुक्तानी गरेको संस्थाका सहायक प्रवन्धक रुकमिनी यादवले जानकारी दिइन् ।

संस्थाको अध्यक्ष बबिता देवी यादवको अध्यक्षतामा भएको कार्यक्रममा मधेश प्रदेश भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सचिव डा.उमेश दहालको प्रमुख अतिथ्यता रहेको थियो ।

सहकारीको देशभरी विस्म परिस्थिति भएपनि मधेशमा आकर्ष्ण देखिएको उनले बताए । यस आकर्ष्णलाई प्रोत्साहन गर्ने उनले आश्वासनसमेत दिए । यस संस्थालाई थप मजबुत बनाउन कृषिका कार्यक्रम तथा अनुदान दिएर सहयोग गर्ने उनले उद्घोष गरे । अवको दशक कृषिमा राज्यसहित सबैले लगानी गर्नुपर्ने उनले सुझाव दिए । महिला र युवाले थोरै मेहन्त गरे मधेश कृषिमा आत्मनिभर हुन सक्ने उनले तर्क गरे ।

राष्ट्रिय कृषि आधुनिकरण कार्यक्रम धनुषाका प्रतिनिधि तिलरुपा रना मगर, राष्ट्रिय सहकारी महासंघको सञ्चालक नथुनी यादव, जिल्ला सहकारी संघ धनुषाका अध्यक्ष ध्रुव नारायण यादव, साना किसान कृषि सहकारी संस्था रघुनाथपुरका मुख्य प्रवन्धक दिपनारायण पुर्वे, लक्ष्मीनियाँ गाउँपालिकाको उपप्रमुख फुलो देवी यादव र जनकपुरधाम उपमहानगरपालिका-१४ को वडाध्यक्ष पुन्यप्रताप यादव लगायतको उपस्थिति रहेको थियो ।

संस्थाल् राष्ट्रिय सहकारी प्राधिकरणको निर्देशन अनुसार १३ सदस्य सञ्चालक समितिलाई दोस्रो अधिवेशनबाट ९ सदस्यी सर्वसहमतीले चयन गरेका छन् ।



# विद्यालयको नाममा दर्ता जग्गामा अनुमति विना पक्की संरचना निर्माण, स्थानीयमा आक्रोश



● टक नेपाल

महोत्तरी जिल्लाको औरही नगरपालिका-२ मा रहेको श्री प्रसाद सिंह माध्यमिक विद्यालय (औरही नैनी गौरी विद्यालय) को नाममा दर्ता रहेको औरही नगरपालिका-१, औरही बजारस्थित करिब २७ कठा जग्गामा अनुमति विना पक्की संरचना निर्माण भइरहेको पाइएको छ। घटनाप्रति विद्यालय व्यवस्थापन समिति र स्थानीयवासीले गम्भीर आपत्ति जनाएका छन्। विद्यालयको स्वामित्वमा रहेको उक्त जग्गामा विगतका वर्षहरूदेखि साप्ताहिक तथा नियमित बजार सञ्चालन हुँदै आएको थियो। प्रारम्भमा व्यापारीहरूले परालका झुपडी तथा अस्थायी डहरामार्फत व्यापार गर्दै आएका थिए। विद्यालयले अस्थायी व्यापारका लागि मात्र अनुमति दिएको भए पनि हाल दुईवटा पक्की संरचना निर्माण भइरहेको पाइएको हो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नवीन कुमार यादवले विद्यालयको जग्गामा पक्की संरचना निर्माणका लागि कहिल्यै अनुमति नदिइएको स्पष्ट पारे। उनले भने, "यो निर्माण गैरकानुनी मात्र होइन, सार्वजनिक सम्पत्तिमाथिको प्रत्यक्ष हस्तक्षेप हो। दोषीमाथि तुरुन्त कानुनी कारबाही हुनुपर्छ।" विद्यालयका प्राध्यापक शिव शरण यादवले पटक-पटक चेतावनी दिँदै आएको बताए। "पक्की संरचना निर्माणले विद्यालयको सम्पत्ति मात्र होइन, विद्यार्थीहरूको भविष्य र सार्वजनिक हितलाई समेत जोखिममा पार्छ। प्रशासनसँग समन्वय गरेर निर्माण कार्य रोक्न पहल गरिरहेका छौं," उनले भने।

स्थानीय घनश्याम यादवले सार्वजनिक सम्पत्ति जोगाउनु सबैको साझा दायित्व भएको उल्लेख गर्दै भने, "संरक्षण गर्नुको साटो जबर्जस्ती घर निर्माण हुन दिनु संविधानको मर्म र समाजको विश्वासविरुद्ध हो।" त्यस्तै स्थानीय श्रवण चौधरीले चिन्ता व्यक्त गर्दै भने, "यदि यही क्रम जारी रह्यो भने भविष्यमा विद्यालयको सम्पूर्ण जग्गा कब्जामा पर्न सक्छ। सम्बन्धित निकायले तत्काल हस्तक्षेप गर्नुपर्छ।" कानुनी दृष्टिले सार्वजनिक सम्पत्तिमा प्रत्यक्ष वा अप्रत्यक्ष हस्तक्षेप गर्नु संविधान र कानुनको उल्लंघन हो। नेपालको संविधानको धारा ५१ (छ) (५) ले सार्वजनिक सम्पत्तिको संरक्षण र दुरुपयोग रोक्ने ाज्यको दायित्व स्पष्ट गरेको छ भने धारा २५ (१) ले सार्वजनिक सम्पत्तिको हक व्यक्तिगत स्वामित्वभन्दा माथि रहने व्यवस्था गरेको छ। विशेषज्ञहरूका अनुसार सामाजिक दबाब, प्रतिवाद र कानुनी कारबाहीमार्फत मात्र यस्ता अवैध गतिविधि नियन्त्रण गर्न सकिन्छ। संविधानले निर्देशित गरेको जिम्मेवार समाज निर्माणका लागि स्थानीय नागरिक, युवा, राजनीतिक प्रतिनिधि तथा प्रशासनले तत्काल र प्रभावकारी छ।
कदम चाल्नुपर्ने उनीहरूको भनाइ छ।

सार्वजनिक सम्पत्तिमा अवैध रूपमा पक्की संरचना निर्माण गर्नु तथा त्यसमा सहयोग पुऱ्याउनु संविधानको ठाडो उल्लंघन भएको भन्दै यस्ता गतिविधिप्रति कुनै सहिष्णुता नदेखाए मात्र विधिको शासन सुनिश्चित हुने सरोकारवालाहरूको जोड छ।

## आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं ।

**पछिल्लो सयम जाडोयाममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरू गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटना हुने गरेका छन् । त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरू अपनाउन आग्रह गरेको हो ।**

इ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,

सुत्नुभन्दा अगाडि बालेको आगो वा हिटर निभाऔं,

आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,

हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,

सकेसम्म बाथरुममा ग्यास .गिजरको प्रयोग नगरौ, गर्ने .परेमा भेन्टिलेसन खुला राखौं ।



धनगढीमाई नगरपालिका, सिरहा
मधेश प्रदेश, नेपाल

# १४ वर्षपछि अन्तिम चरणमा कमला पुल : चैतभित्र सञ्चालनमा ल्याउने लक्ष्य

● टक नेपाल

हुलाकी राजमार्गअन्तर्गत सिरहा र धनुषाको सीमानामा पर्ने कमला नदीमा निर्माणाधीन बहुचर्चित कमला पुलको बाँकी काम तीव्र रूपमा भइरहेको छ। आगामी चैत महिनाभित्र निर्माण सम्पन्न गरी सवारी आवागमन सञ्चालन गने लक्ष्यसहित निर्माण कम्पनी काममा जुटेको छ।

निर्माण व्यवसायीले नै पुलको डिजाइन गरी निर्माण गर्ने मोडलमा ठेक्का सम्झौता भएको कमला पुलको लम्बाइ ४६९ मिटर रहेको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात तथा शहरी विकासमन्त्री कुलमान घिसिङले गत ५ मंसिरमा पुलको स्थलगत अनुगमन गर्दै निर्माण तथा पुनर्स्थापनाको काम तत्काल अघि बढाउन निर्देशन दिएका थिए। उनले निर्माण कार्यको नियमित अनुगमन गरिने र काम सन्तोषजनक नभए ठेक्का तोडिने चेतावनीसमेत दिएका थिए। साथै, हाल नदी बगेको स्थानमा ह्युमपाइप राखी अस्थायी रूपमा आवतजावतको व्यवस्था गर्न निर्देशन दिएका थिए।

ठेक्का सम्झौता भएको करिब १४ वर्ष बितिसक्दा पनि कमला पुल निर्माणले पूर्णता पाउन सकेको छैन। पुल नबन्दा स्थानीय बासिन्दा लामो दूरीको वैकल्पिक मार्ग प्रयोग गर्न बाध्य छन् भने कमला नदी वारपार गर्न जोखिमपूर्ण र कष्टकर यात्रा गर्नुपर्ने अवस्था छ।

२०७८ असार १७ गते आएको बाढीले पुलका दुईवटा जग भासिएर चारवटा स्ल्याबमा क्षति पुगेको थियो। क्षतिग्रस्त स्ल्याबमध्ये सिराहातर्फ (पूर्व) का दुईवटा स्ल्याब हटाइसकिएको छ भने धनुषातर्फ (पश्चिम) का दुईवटा स्ल्याब हटाउन नपर्ने प्राविधिक अध्ययनले देखाएको छ।



सोहीअनुसार भासिएको जगलाई दह्रो बनाएर स्ल्याब लिफ्टिङको काम सुरु गरिने बताइएको छ। लिफ्टिङका लागि सम्बन्धित विज्ञ प्राविधिकहरूले स्थलगत निरीक्षण तथा अध्ययन गरी कार्ययोजना तयार गरिरहेका छन्।

पुलको पूर्वतर्फ (सिराहा) सब-स्ट्रक्चरको काम सम्पन्न भइसकेको छ। सिराहातर्फका दुईवटा स्ल्याब हटाइएका छन् भने एउटा जग भासिएको स्थानमा दुईवटा नयाँ जग निर्माण गरी सब-स्ट्रक्चरको काम सकिएको छ। अब प्लेट गडर जडान गर्न बाँकी रहेको छ। प्लेट गडर निर्माणको काम चितवनमा भइरहेको र तयार भएपछि पुलमा ल्याई जडान गरिने निर्माण कम्पनीले जनाएको छ।

यद्यपि, ठेक्काअन्तर्गत रहेका नदी नियन्त्रण तथा पहुँच सडकको निर्माण भने अझै सुरु हुन सकेको छैन। गत असोजमा आएको बाढीपछि कमला नदीको धार परिवर्तन भएकाले डिजाइनसम्बन्धी छलफल भइरहेको र डिजाइन टुंगो लागेपछि निर्माण सुरु गरिने बताइएको छ।

तराई-मधेशको 'लाइफलाइन' मानिने हुलाकी राजमार्गअन्तर्गत पर्ने कमला पुल निर्माणका लागि २०६८ जेठमा पप्पु लुम्बिनी जेभीसँग २४ करोड ९१ लाख रुपैयाँ (भ्याटसहित) को ठेक्का सम्झौता भएको थियो। प्रारम्भिक सम्झौताअनुसार पुल २०७१ मंसिरभित्र सम्पन्न हुनुपर्ने थियो।

समयमै निर्माण सम्पन्न हुन नसकेपछि सातौं पटकसम्म ठेक्का म्याद थपिएको थियो, जसको अन्तिम म्याद गत असारमा सकिएको छ। निर्माण व्यवसायीले आगामी असारसम्म म्याद थपका लागि प्रस्ताव पेश गरेको र हाल म्याद थपको प्रक्रिया अघि बढिरहेको छ। हाल बाँकी काम लुम्बिनी पक्षले गरिरहेको छ।

अहिलेसम्म पुल निर्माणमा २० करोड ४३ लाख रुपैयाँ (भ्याटसहित) भुक्तानी भइसकेको छ।

## आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं ।

**पछिल्लो सयम जाडोयाममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरू गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटना हुने गरेका छन् । त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरू अपनाउन आग्रह गरेको हो ।**

इ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,

सुत्नुभन्दा अगाडि बालेको आगो वा हिटर निभाऔं,

आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,

हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,

सकेसम्म बाथरुममा ग्यास .गिजरको प्रयोग नगरौ, गर्ने .परेमा भेन्टिलेसन खुला राखौं ।



लक्ष्मीनिया गाउँपालिका, धनुषा
मधेश प्रदेश, नेपाल

## सुशीला बम्जन हत्याकाण्डपछि सिन्धुली ६ दिनदेखि तनावग्रस्त, न्यायको माग गर्दै आन्दोलन चर्किंदै



● टक नेपाल

सिन्धुलीको कमलामाई नगरपालिका-४ धुराफाँटकी ३२ वर्षीया सुशीला बम्जनको आइतबार आफन्तबाटै घरभित्र आगजनी गरी हत्या भएपछि जिल्लाको अवस्था ६ दिनदेखि तनावग्रस्त बनेको छ। सासू, ससुरा र नन्दले घरको कोठा थुनेर सुशीलामाथि पेट्रोल छर्की आगजनी गर्दा उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

घटनापछि मृतक सुशीलाको न्यायको माग गर्दै पीडित पक्ष र स्थानीयले सिन्धुलीमा निरन्तर दबाबमूलक आन्दोलन गरिरहेका छन्। आन्दोलन बिहीबार तोडफोड र आगजनीको अवस्थासम्म पुगेपछि कमलामाई नगरपालिका-४ धुराफाँट क्षेत्र रातभर तनावग्रस्त रह्यो।

सुशीलाको हत्यापछि सासू-ससुराका आफन्त घरमा आएर सरसामान निकाल्न लागेको र त्यसमा प्रहरीको सहयोग रहेको आरोप लगाउँदै स्थानीय र सुशीलाका आफन्त आक्रोशित भएका थिए। सोही क्रममा घरमा सामान निकाल्न गएका पाँच जना आफन्तमाथि स्थानीयले आक्रमण गर्दा उद्धारमा खटिएका प्रहरीसहित १० जना घाइते भएका छन्।

स्थिति नियन्त्रणमा लिन जिल्ला प्रशासन कार्यालयले करिब १० घण्टा सदरमुकाम सिन्धुलीमाढीमा कर्फ्यु जारी गर्नुपरेको थियो। आक्रोशित भिडले मृतक सुशीलाको घरमा ढुंगामुढा प्रहार गरी क्षति पुर्‍याएको छ भने घरमा आगजनी वा डोजर लगाएर भत्काउनुपर्ने मागसमेत उठिरहेको छ।

घटनालाई लिएर सिन्धुली प्रहरी र स्थानीय प्रशासन निरन्तर दबाबमा रहेका छन्। यसै विषयमा शुक्रबार जिल्लामा सर्वदलीय तथा सर्वपक्षीय बैठक बसेको छ। बैठकमा शान्ति सुरक्षा कायम गर्दै पीडितलाई न्याय दिने र दोषीमाथि हदैसम्मको कारबाही गर्ने विषयमा छलफल भएको छ।

सिन्धुलीका प्रहरी प्रमुख लालध्वज सुवेदीले सुशीला हत्याकाण्डका विषयमा निष्पक्ष र गम्भीर अनुसन्धान भइरहेको बताए।

'हामीले अनुसन्धानमा कुनै कमजोरी गरेका छैनौं र गर्न पनि दिनेछैनौं,' उनले भने, 'पीडितलाई न्याय दिने र पीडकलाई कडा कारबाही गर्नेमा प्रहरी प्रतिबद्ध छ। घटनालाई राजनीतिकरण हुन नदिने हाम्रो प्रयास छ।'

पीडित पक्षले हालसम्म मृतक सुशीलाको शव बुझ्न मानेका छैनन्। मंगलबार नै पोस्टमार्टम भए पनि हत्यामा संलग्न भनिएका ससुरा दुर्गामान बम्जन र श्रीमान् सूर्यबहादुर बम्जनलाई पक्राउ गरी कानुनी दायरामा नल्याएसम्म शव नबुझ्ने उनीहरूको अडान छ।

घटनामा ससुरा ६२ वर्षीय दुर्गामान बम्जनसमेत जलेर घाइते भएका छन्। उनको सिन्धुली अस्पतालमा उपचारपछि थप उपचारका लागि काठमाडौंस्थित कीर्तिपुर वर्न अस्पतालमा प्रहरीको निगरानीमा उपचार भइरहेको छ। मृतकका श्रीमान् सूर्य बम्जन रोजगारीका सिलसिलामा कोरियामा रहेका छन्। उनीमाथि पनि घटनामा संलग्नता रहेको आरोप लगाउँदै नेपाल झिकाएर कारबाही गर्नुपर्ने पीडित पक्षको माग छ।

# मजदुरी गर्दै पढेका सत्यनारायणले निकाले एमबीबीएसमा नाम



● टक नेपाल

सिरहाको बरियारपट्टी गाउँपालिका-२ मा पर्छ, श्रीपुर गाउँ । यही गाउँको एउटा फुसको झुप्रोमा दलित समुदायका सत्यनारायण साफीलाई बधाई दिने मान्छेको भीड लागिरहेको छ । यसको कारण हो, अभाव, समस्या र गरिबीबीच पनि सत्यनारायणले पाएको सफलता । चिकित्सा शिक्षा आयोगले गत १५ कात्तिकमा लिएको एमबीबीएस प्रवेश परीक्षामा पूर्ण छात्रवृत्तिमा नाम निकाले का साफी निरन्तर मिहिनेत, संघर्ष र सफलताको उदाहरण बनेर उदाएका छन् । दलित समुदायका सत्यनारायणको परिवार सित सम्पत्तिका नाममा घर भएको साढे चार धुर घडेरी मात्र छ । उनका बुबा मधुरी साफी तीन वर्ष अघिसम्म वैदेशिक रोजगारीमा थिए । त्यसपछि घर फर्केर यतै मजदुरी गर्न थाले । मधुरीका श्रीमती, तीन छोरी र दुई छोरा छन् । जेठा छोरा सत्यनारायणले २०७७ मा गाउँकै जनता माध्यमिक (प्राविधिक) विद्यालय, बरियारपट्टीबाट एसईई गरेका थिए ।

एसईईमा राम्रो अंक आएपछि हौसिएका उनले २०७९ मा विराटनगरको अरनिको स्कुलबाट विज्ञान विषयमा १२ कक्षा उत्तीर्ण गरे । त्यसपछि उनको मनमा एमबीबीएस पढ्ने भोक जाग्यो । आर्थिक हैसियत त थिएन तर सत्यनारायणमा आत्मविश्वास थियो । उनी २०८० मा तयारीका लागि काठमाडौं गए । तर, आर्थिक समस्याले दुई महिनामै गाउँ फर्किनुपर्‍यो । त्यसपछि आमाबुबासँगै गाउँमै निर्माण क्षेत्रमा मजदुरी गर्न थाले । उनले २ वर्ष मजदुरी गर्दै आएका थिए । 'बिहान ८ बजे काममा जान्थें, कहिले टिफिन लिएर जान्थें, कहिले घरमै आएर खान्थें । कामबाट ५ बजे फर्किन्थें । घरको काम सकेर साँझ ६ बजेदेखि राति १२-१ बजेसम्म ६-७ घन्टा पढ्थें,' सत्यनारायणले भने, 'काम गरे पनि खासमा पढाइ मेरो प्राथमिकतामा हुन्थ्यो, किनकि पढ्नैकै लागि काम गरिरहेको थिएँ ।'

सिरहाको बरियारपट्टी गाउँपालिका-२ श्रीपुरका सत्यनारायण साफी मजदुरी गर्दै । मजदुरीबाट आएको पैसाले किताब किनेर स्वाध्ययन थाले । र, चिकित्सा शिक्षा आयोगको प्रवेश परीक्षामा छात्रवृत्तिमा नाम निकाल्न सफल भए । यो उनले दोस्रो पल्ट दिएको परीक्षा हो । '२०८१ मा दिएको पहिलो परीक्षाको मेरो नतिजा नै आएन, केही प्राविधिक त्रुटि भएर । हामीजस्ताका लागि यो अनौठो कुरा त हो तर गरिबी भए पनि लगनशीलता, धैर्य र समर्पणले जुनसुकै कुरा हासिल गर्न सकिन्छ भन्ने लाग्छ,' सत्यनारायणले भने, 'मैले प्रयास गरें, सपना यथार्थमा परिणत भयो, यसको सबै श्रेय आमाबुबालाई जान्छ ।' क्वतथबलबचबथबल, धजय कतगमष्भम धजषभ धयचपष्लन, नयत जष्क लक्भ ष्लतय :द्ययक.

सिरहाको बरियारपट्टी गाउँपालिका-२ श्रीपुरका सत्यनारायण साफी आमाबुबासित । आमा सुनिताले छिमेकीसँग ८० हजार सापटी लिएर दिएपछि सत्यनारायण यही ८ पुसमा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान दाङमा भर्ना भएका छन् । कलेजको शुल्कमा साढे ६४ हजार खर्च भएको छ । छात्रवृत्तिमा एमबीबीएस पढ्न पाएपछि सत्यनारायण र उनको परिवारमा खुसियाली छाएको त छ तर चिन्ता पनि छ । छात्रवृत्ति पाए पनि पढाइ शुल्कबाहेक बसोबास, खानपान, यातायात, पढाइ सामग्रीमा ठूलो खर्च लाग्छ । पढाइ पूरा गर्न सबै गरेर कम्तीमा १५ लाख रुपैयाँ खर्च हुन्छ । सिरहाको बरियारपट्टी गाउँपालिका-२ श्रीपुरका सत्यनारायण साफीको घरमा आएका आफन्त ।

दैनिक ज्याला-मजदुरी गरेर जीविका चलाउँदै आएको परिवारलाई यो खर्च कसरी जुटाउने भन्ने चिन्ताले सताइरहेको छ । 'हामी दिनभर कमाएर बेलुकाका लागि अन्न जोहो गर्ने परिवार हौं, हाम्रा लागि यो सपनाजस्तै हो, तैपनि छोराले नाम निकालेपछि पछि हट्दैनौं,' सुनिताले भनिन् । बधाई दिन आउनेमध्ये केहीले आर्थिक सहयोग गरेका छन् भने केहीले सहयोगको प्रतिबद्धता जनाएका छन् । तर, सरकारले आर्थिक सहयोग गरिदिए पढ्न सहज हुने सत्यनारायणलाई लागेको छ । 'सहयोग गर्ने व्यक्तिप्रति आभारी छौं,' उनले भने, 'तर, यस्तो सहयोगकै भरमा गाह्रो होला, सरकारले पनि हेरिदिए हुन्थ्यो ।'

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न ेगहरुको विशेषज्ञ डाक्टहरुद्वाा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014